रिब्दीकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
५ नं. प्रदेश

०७५६२००५५,०७५६९२३०७
Email: info@ribdikotmun.gov.np
website: www.ribdikotmun.gov.np

प.सं.:– ०७७/७८
च.नं.:– १२६

मिति :–२०७७/०४/३२

विषयः जानकारी सम्बन्धमा ।

श्री प्रदेश स्तरीय सहकारी संस्था सबै
रिब्दीकोट गाउँपालिका ।

प्रस्तुत विषयमा भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय वुटवलको च.न १२३ मिति:२०७७।०४।२१ को पत्रको प्रतिलिपी यसै पत्र साथ संलग्न गरी पठाइएको छ । यस रिब्दीकोट गाउँपालिका भित्र रहेका सबै प्रदेश स्तरीय सहकारी संघ/संस्थाले प्रदेश न ५ सहकारी ऐन,२०७६ को दफा ५६ बमोजिम आफ्नो सहकारी संस्थाको वर्षको खुद बचतको रकमबाट सहकारी प्रवर्द्धन कोषको व्यवस्था गर्नको लागि सोही पत्रबाट अवगत गर्नु हुन जानकारीको लागि अनुरोध छ ।

.................................
(मणी प्रसाद खनाल)
निमित्त प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल
ईमेल : molmac.sahakari@gmai
फोन नं. : ०७१-५४००५६

पत्र संख्या : सहकारी ०७७/०७८
चलानी नं. : ९२३

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मिति : २०७७/०४/२१

विषय : जानकारी गराईदिने सम्बन्धमा।

रिब्दीकोट गाउँपालिका
दर्ता नं. : ६५
मिति : २०७७/४/२५

श्री स्थानीय तह सबै,
प्रदेश नं. ५।

प्रस्तुत विषयमा प्रदेश नं. ५ सहकारी ऐन, २०७६ को दफा ५६ वमोजिमको सहकारी प्रवर्द्धन कोष भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ५ मा रहने व्यवस्था गरिएको छ। प्रदेश नं. ५ सहकारी नियमावली, २०७६ को नियम २० को उपनियम (२) मा उक्त कोषमा रहेको रकम वितरणको लागि माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीज्यूको अध्यक्षतामा समितिको व्यवस्था गरिएको छ। ऐन तथा नियमावलीमा भएको उक्त व्यवस्थालाई कार्यान्वयनको लागि तहाँ स्थानीय तह भित्र रहेका सबै प्रदेश स्तरीय सहकारी संघ/संस्थाले प्रदेश नं. ५ सहकारी ऐन, २०७६ को दफा ५६ वमोजिम आफ्नो सहकारी संस्थाको वर्षको खुद बचतको रकमबाट सहकारी प्रवर्द्धन कोषको व्यवस्था गर्नको लागि जानकारी गराई सहयोग गरिदिनुहुन अनुरोध छ।

२०७७/४/२१

...................
(सुरेशचन्द्र आचार्य)
दर्ता अधिकारी

सादर अवगतार्थ

- माननीय मन्त्रीज्यू,
  भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५।
- श्रीमान सचिवज्यू,
  भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५।

२०७७/४/२१